**नेपाल राष्ट्र बैंक**
**मौद्रिक व्यवस्थापन विभाग**
**काठमाडौं**

## मिति २०८३ असार २९ गते बोलकबोल मार्फत रु.१५ अर्बको नेपाल राष्ट्र बैंक ऋणपत्र जारी हुने सम्बन्धी सूचना

यस बैंकले देहाय बमोजिमका विशेषता एवं शर्तहरू कायम गरी १ वर्ष अवधिको लागि नेपाल राष्ट्र बैंक ऋणपत्रको बोलकबोल तथा निष्कासन गर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | | | | |
|---|---|---|---|---|
| १. | (क) | उपकरणको नाम | : | नेपाल राष्ट्र बैंक ऋणपत्र २०८४ 'छ' (NRB Bond 2084 'Chha') । |
| | (ख) | आह्वान रकम | : | रु.१५ अर्ब (पन्ध्र अर्ब रुपैयाँ मात्र) । |
| | (ग) | बोलकबोल मिति | : | २०८३ असार २९ गते मध्याह्न ३:०० बजेसम्म Online Bidding System Software मार्फत मात्र बोलकबोल हुने । |
| | (घ) | निष्कासन मिति | : | २०८३ असार २९ गते । |
| | (ङ) | ब्याजदर | : | बोलकबोलको माध्यमबाट निर्धारण हुने । |
| | (च) | साँवा भुक्तानी मिति | : | २०८४ असार २९ गते । |
| | (छ) | ब्याज भुक्तानी | : | अर्धवार्षिक । |
| | (ज) | बोल गर्न सकिने रकम | : | न्यूनतम रु. ५ करोड र बढीमा ५ करोड रुपैयाँले भाग गर्दा नि:शेष भाग जाने गरी कुल आह्वान रकमसम्म । |
| | (झ) | धितो सम्बन्धी व्यवस्था | : | यस बैंक र अन्य बैंक तथा वित्तीय संस्थामा धितोको रूपमा प्रयोग गर्न सकिने । |

२. ऋणपत्रको बोलकबोल ब्याजदरमा गर्नुपर्नेछ । बहुब्याजदरमा पनि बोलकबोल गर्न सकिनेछ ।

३. ऋणपत्रको बोलकबोलमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्था (काउण्टरपार्टी) मात्र सहभागी हुन पाउने छन् ।

४. काउण्टरपार्टीले ऋणपत्रको बोलकबोलमा कबोल गर्न चाहेको रकम र ब्याजदर (दशमलव पछिको हकमा ४ अंकसम्म) उल्लेख गर्नु पर्नेछ ।

५. आह्वान गरिएको ऋणपत्रको रकम बाँडफाँट गर्दा बोलकबोलको ब्याजदरलाई सानोदेखि ठूलो क्रममा राखी आह्वान रकमसम्म वा समितिले निर्धारण गरेको बाँडफाँट रकमसम्मको विन्दुमा कायम हुने ब्याजदरलाई एकल ब्याजदर कायम गरी सोही एकल ब्याजदरमा सो दर र सो दरभन्दा कम बोलवालालाई नेपाल राष्ट्र बैंक ऋणपत्र बिक्री गरिने छ ।

६. समान ब्याजदर बोल गर्ने बोलवालाहरूको रकम समावेश गर्दा कुल निष्कासित रकमभन्दा बढी हुने भएमा सो ब्याजदरको रकमलाई समानुपातिक रूप (Pro-rata Basis) मा बाँडफाँट गरिनेछ ।

७. आह्वान गरिएको बोल रकममध्ये सम्पूर्ण वा आंशिक रकमको बोल स्वीकार वा अस्वीकार गर्ने अधिकार खुला बजार कारोबार सञ्चालन समितिलाई रहनेछ ।

८. ऋणपत्रको स्वीकृत बोल रकम निष्कासन मितिमा सम्बन्धित काउण्टरपार्टीको यस बैंकमा रहेको खाता खर्च गरी जम्मा गरिने छ ।

९. ऋणपत्र निष्कासन मितिमा काउण्टरपार्टीको खातामा पर्याप्त मौज्दात नभएमा त्यस्ता काउण्टरपार्टीको स्वीकृत बोल रकम रद्द गरी सोको २.५० प्रतिशत दरको हर्जाना सहित ६ महिनासम्म खुला बजार कारोबार तथा ब्याजदर करिडोर अन्तर्गतका कुनै पनि बोलकबोलमा सहभागी हुन बन्देज लगाइनेछ ।

१०. ऋणपत्र निष्कासनको शर्त बमोजिमको अवधिमा निर्धारित ब्याज रकम तथा परिपक्व अवधिमा साँवा रकम बैंकले सम्बन्धित काउण्टरपार्टीको यस बैंकमा रहेको खातामा जम्मा गरी दिनेछ ।

११. ऋणपत्रको स्वीकृत बोल रकम सम्बन्धित बोलवालाको लगानी पोर्टफोलियो (Investment Portfolio) हुने भएकोले सो रकमलाई अनिवार्य नगद मौज्दात (CRR) मा गणना गर्न पाइने छैन । तर, यस बैंकको निर्देशनबमोजिम कायम राख्नु पर्ने वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) र खुद तरल सम्पत्ति अनुपात (Net Liquid Asset to Total Deposit Ratio) मा उक्त रकम गणना गर्न सकिनेछ ।

१२. ऋणपत्रको परिपक्व मिति अगावै सो वापतको रकम फिर्ता दिइने छैन ।

१३. स्वीकृत बोलपत्रअनुसार ऋणपत्र खरीद गर्ने काउण्टरपार्टीलाई विभागले नेपाल राष्ट्र बैंक खुला बजार कारोबारसम्बन्धी कार्यविधि (आठौं संशोधन, २०८३), २०७८ को अनुसूची-९ बमोजिमको प्रमाण-पत्र प्रदान गर्नेछ । परिपक्व मितिमा सो वापतको साँवा ब्याज भुक्तानी भएपछि उक्त प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

१४. ऋणपत्र सम्बन्धी अन्य प्रक्रियाहरू प्रचलित ऐन, नियम तथा व्यवस्था बमोजिम हुनेछ ।

१५. अन्य थप जानकारीका लागि यस विभागको फोन नम्बर ०१-४५४१०४०, ०१-५७१९६५९, Ext. No: ३३११, ३३१२ मा सम्पर्क गर्न सकिनेछ ।